# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, भदौ १२ गते २०६३ साल (संख्या १८

## भाग ३

### नेपाल सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी B.P. Koirala Memorial Cancer Hospital, Chitwan Bharatpur को लागि Baxter Healthcare (Asia) P. Ltd., Singapure र Peema Air System Pvt Ltd., India बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ४८,६०.०० (चार हजार आठसय साठी) तथा भा.रू. १,४९,९९४.०० (एक लाख उनन्चास हजार नौ सय चौरानब्बे) मूल्य बराबरको औषधि तथा मेडिकल उपकरण आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी आँपपिपल अस्पताल गोरखाको लागि International Medical Equipment Collaborative (IMEC) बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १३,३००.०० (तेह्र हजार तीन सय) मूल्य बराबरको चिकित्सा सामानहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



886

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## भूल सुधार

खण्ड ५६ अतिरिताङ्क २४ मिति २०६३ असार ३२ गतेको नेपाल राजपत्रमा "आर्थिक वर्ष २०६३।०६४ को सेवा र कार्यहरूको केही अंशका लागि सञ्चित कोषबाट पेश्कीको रुपमा केही रकम झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्न बनेको ऐन" हुनु पर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ

मुद्रण विभाग ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.द.ब.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

386 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।